आज मिति २०७७ असोज ६ गते, मंगलबार दिनको २:०० बजे प्रमुख श्री सुनिल प्रजापतिज्यूको अध्यक्षतामा भक्तपुर नगरपालिका, नगर कार्यपालिकाको बैठक भनपा वडा नं. २ स्थित नयाँ भवन व्यासीमा निम्न उपस्थितिमा बसी निम्न विषयमा छलफल र निर्णय गरियो :

***उपस्थिति***

१. प्रमुख श्री सुनिल प्रजापति

२. उप–प्रमुख श्री रजनी जोशी

३. वडाध्यक्ष श्री श्याम कृष्ण खत्री

४. वडाध्यक्ष श्री हरि प्रसाद बासुकला

५. वडाध्यक्ष श्री राज कृष्ण गोरा

६. वडाध्यक्ष श्री कुमार चवाल

७. वडाध्यक्ष श्री प्रेम गोपाल कर्माचार्य

८. वडाध्यक्ष श्री हरिराम सुवाल

९. वडाध्यक्ष श्री उकेश कवां

१०. वडाध्यक्ष श्री महेन्द्र खायमली

११. वडाध्यक्ष श्री रविन्द्र ज्याख्व

१२. वडाध्यक्ष श्री लक्ष्मी प्रसाद ह्यौंमिखा

१३. नगर कार्यपालिका सदस्य श्री रोशन मैया सुवाल

१४. नगर कार्यपालिका सदस्य श्री छोरी  मैया सुजखु (प्रजापति)

१५. नगर कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल)

१६. नगर कार्यपालिका सदस्य श्री सरिना द्योला

१७. नगर कार्यपालिका सदस्य श्री कृष्ण लक्ष्मी दुवाल

१८. प्रमुख प्रशासकीय अधिकृत श्री रामलाल श्रेष्ठ

विषयहरु :–

१. एकान्तवास (आइसोलेशन) केन्द्र संचालन बारे ।

२. एम्बुलेन्स खरिद बारे ।

३. विविध ।

<u>निर्णयहरु :-</u>

१. कोभिड १९ को विश्वव्यापी महामारीको सन्दर्भमा, भक्तपुर नगरमा पनि बढ्दै गइरहेको संक्रमित भक्तपुर नगरवासीहरुको स्वास्थ्य सुरक्षा, सुविधाका साथै रोकथामका लागि भक्तपुर नगरपालिकाले ब्रम्हायणी स्थित वहुउद्देश्यीय भवनमा निर्माण गरिरहेको एकान्तवास (आइसोलेशन) केन्द्रको तयारी व्यवस्थापनमा भएको कार्य प्रगतिको बारेमा एकान्तवास (आइसोलेशन) निर्माण तथा व्यवस्थापन उप–समितिका संयोजक एवं वडाअध्यक्ष श्री रविन्द्र ज्याख्वबाट जानकारी प्राप्त भयो र एकान्तवास (आइसोलेशन) केन्द्र संचालन सम्बन्धमा निम्नानुसार गर्ने निर्णय गरियो :–

क) उक्त एकान्तवास(आइसोलेशन) केन्द्र मिति २०७७।६।१० गते शनिवारका दिन देखि संचालनमा ल्याउने ।

ख) एकान्तवास(आइसोलेशन) केन्द्रमा रहने संक्रमितहरुको लागि दैनिक चार छाक खाना/खाजा (शाकाहारी र मांसाहारी वर्गीकरण गरी) को लागि उप–समितिले बजारबाट कोटेशनका माध्यमबाट प्रतिस्पर्धा गराउँदा D Icon Restaurant च्याम्हासिंह भक्तपुरबाट सबैभन्दा कम मूल्य शाकाहारी दैनिक ४ छाक खाना/खाजाको जनही रु २५०।– र मांशाहारी रु. ३००।– मा उपलब्ध गराउने भनी प्राप्त कोटेशन स्वीकृत गर्ने र मिति २०७७।६।१० गतेदेखि नै उक्त एकान्तवास(आइसोलेशन) केन्द्रका कोभिड संक्रमितहरुका साथै आइसोलेशनमा खटिनु हुने स्वास्थ्यकर्मीहरु, प्रशासनिक कर्मचारीहरु, सफाई मजदुरलगायतलाई पनि सोही वमोजिम खाना/खाजा उपलब्ध गराउने ।

ग) एकान्तवास (आइसोलेशन) केन्द्रमा रहने जनशक्ति व्यवस्थापन (प्रशासनिक, स्वास्थ्य, सुरक्षा, सफाई कर्मचारीहरु) र सूचना सम्प्रेषणका लागि उपसमितिको सिफारिस वमोजिम कार्यालयले व्यवस्थापन गरिदिने ।

घ) एकान्तवास (आइसोलेशन) केन्द्रको लागि आवश्यक सामाग्रीहरु उपसमितिको सिफारिसमा कार्यालयद्वारा व्यवस्थापन गरिदिने ।

२. भक्तपुर नगरपालिका कार्यालयको लागि चालु आ.व. ०७७।७८ मा आवश्यक एम्बुलेन्स थान १ र शववाहन थान १ गरी २ वटा सवारी साधनहरु क्याटलग सपिङको विधिबाट खरिद गर्न मिति २०७७।२।२७ र ३।११ गते २ पटकसम्म सिलवन्दी प्रस्तावहरु आव्हानको लागि सूचना प्रकाशन गरी पर्न आएका प्रस्तावहरु प्रस्तावदाता अग्नी इन्कर्पोरेट प्रा.लि.को MAHINDRA BOLERO AMBULACCE 4WD र प्रस्तावदाता युनाइटेड सिण्डीकेट प्रा.लि.को VDJ200R-GNMAZ-TOYOTA Land Cruiser Ambulance नगरपालिकाबाट तोकिएको प्राविधिक स्पेशिफिकेशन अनुसार नभएको र नेपाल सरकारको आर्थिक ऐन, २०७७ को अनुसूची १ दफा (२) को उपदफा १

सँग सम्बन्धित र दफा १५ उपदफा (२) (अ) मा भएको व्यवस्था अनुसार रु. १६ लाख सम्मको मात्र सवारी साधन खरिदमा भन्सार छुटको व्यवस्था भएको हुँदा उक्त प्रस्तावहरु मिति २०७७।४।१८ को निर्णयानुसार रद्द भइ पुनः सूचना प्रकाशनको लागि प्रकृया भैरहेकोमा हाल विश्वव्यापी महामारी कोरोना भाइरसको संक्रमणले विश्व नै आक्रान्त भइरहेको र आफ्ना नगरवासीहरुलाई स्वयं स्थानीय तह आफैले नै सो रोगको रोकथाम र नियन्त्रण गर्नुपर्ने आवश्यकता श्रृजना भएकोले नगरपालिका आफैले वडा नं. ९ ब्रम्हायणी स्थित वहुउद्देश्यीय भवनमा एकान्तवास (आइसोलेशन) केन्द्र निर्माण गरी संचालनमा ल्याउन थालेको र उक्त केन्द्रको लागि एक थान एम्बुलेन्स Covid 19 Dedicated Ambulance तत्कालै आवश्यक पर्न आएकोले तपसिल अनुसारको पुनः तयार भएको प्राविधिक स्पेशिफिकेशनको आधारमा एम्बुलेन्स खरिद गर्ने प्रकृया अगाडी बढाउन पुनः ७ दिनको सिलवन्दी प्रस्ताव आव्हानको लागि सूचना प्रकाशित गर्ने र शव वाहन सम्बन्धमा हाललाई स्थगन गर्ने निर्णय गरियो ।

<u>एम्बुलेन्स प्राविधिक स्पेसिफिकेशन</u>

| S.N | Particular | Requirement |
|---|---|---|
| 1 | Engine | |
| | Location | Front |
| | Displacement | Minimum 2200cc |
| | Power | Minimum 60KW at governed speed |
| | Torque | Minimum 180Nm at governed speed |
| 2 | Transmission | 5-speed+1 reverse manual |
| 3 | Tyre width | Minimum 180mm |
| 4 | Wheelbase | Minimum 2700mm |
| 5 | Ground Clearance | Minimum 170mm |
| 6 | Steering | Power Steering |
| 7 | Front Brakes | Drum Brake |
| 8 | Rear Brakes | Drum Brake |
| 9 | Batter | 12V 60 Ah |

३) विभिन्न समितिको निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

**१) लेखा समिति** (बैठक मिति २०७७।५।२३)

क) मिति २०७६।०७।२० गतेको मजदुर दैनिकमा आ.व. २०७६।७७ को भ.न.पा. क्षेत्रभित्र संचालित सामुदायिक तथा संस्थागत बिद्यालयहरुको लेखा परीक्षण गर्न लेखा परिक्षकहरुबाट आशय पत्र माग भएको सुचना अनुसार पर्न आएका तपसिलमा उल्लेखित २७ जना लेखापरिक्षकहरुको आशय पत्रहरु मध्ये सुचनामा आ.व. २०७५।७६ को कर चुक्ता माग गरिएकोमा आ.व. २०७४।७५ को कर चुक्ता पेश गर्ने ३ वटा ( क्र.स. ४, ८, १८) र आ.व. २०७६।०९।२९ गते सम्मको कर चुक्ता गर्न म्याद थपको प्रमाण पेश गर्ने ४ वटा (क्र.स. १६, १७, १९, २१) गरी जम्मा ७ वटा कैफियत भएको आशय पत्रहरु बाहेक अन्य नियमसम्मत भएका २० वटा आशय पत्रहरु स्वीकृत गर्ने निर्णय गरियो ।

**ख) स्वीकृत २० जना लेखा परीक्षकहरुलाई तपसिल बमोजिमका सामुदायिक, गुठी तथा सहकारी अन्तर्गत दर्ता गरी संचालनमा रहेको विद्यालयहरुको लेखापरीक्षण गर्न तोकि पठाउने निर्णय गरियो ।**

| भक्तपुर नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालय, प्र. अ. र प्रिन्सिपलहरुको सम्पर्क नं. | | | | | | | | | लेखापरिक्षकको वर्ग | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र. सं. | विद्यालयको नाम | प्र अ को नाम | ठेगाना | वडा नं. | मोवाईल नं. | फोन नं. | प्रकार | स्रोतकेन्द्र | वर्ग | फर्मको नाम |
| 1 | सन्तती प्राबि | मधुमैया प्रधान | सृजना नगर | 1 | 9841358193 | 661978 | सामुदायिक | बागीश्वरी | घ | भुपेन्द्र राई एण्ड एसोसियट्स |
| 2 | गणेश मावि | गंगा प्रसाद याकामी | भार्वाचो | 1 | 9841987674 | 6615912 | सामुदायिक | पद्म | ख | उपाध्याय एण्ड कं. |
| 3 | ज्ञानविजय निमावि | बालकृष्ण श्रेष्ठ | दूधपाटी | 1 | 9841356362 | 6611049 | सामुदायिक | पद्म | ख | आर. बि.सि. एण्ड कम्पनी |
| 4 | बासु उमावि | अम्बिका न्याईच्याई | कालिघाट | 2 | 9841477100 | 6615257 | सामुदायिक | पद्म | क | एस.प्याठ एण्ड एसोसियट्स |
| 5 | श्री पद्म उमावि | राम हाडा | दरवार क्षेत्र | 3 | 9841212469 | 6610326 | सामुदायिक | पद्म | क | एस.ए.के. ए.आर. एसोसियट्स |
| 6 | शारदा उमावि | रोशन राज तुईंतुई | यालाछें | 2 | 9841495292 | 6610209 | सामुदायिक | पद्म | क | एम टिवारी एण्ड एशोसियट्स |
| 7 | मेधा मावि | गंगाधर हाडा | तेखापुखु | 3 | 9851143771 | 6613019 | सामुदायिक | पद्म | क | एस.प्याठ एण्ड एसोसियट्स |
| 8 | जागृती मावि | प्रकाशमान बज्राचार्य | खौमा | 3 | 9843452249 | 6615912 | सामुदायिक | पद्म | क | एस.ए.के. ए.आर. एसोसियट्स |
| 9 | उदय प्रावि | रीता जोन्छें | इताछें | 3 | 9849174458 | | सामुदायिक | पद्म | ग | चालिसे एण्ड कम्पनी |
| 10 | शारदा प्रावि | जितेन्द्र भुजु | बाराही स्थान | 3 | 9841942472 | | सामुदायिक | पद्म | ग | डिप वहादुर थापा एण्ड एशोसियट्स |
| 11 | बालमन्दिर प्रावि | कृष्ण भक्त श्रेष्ठ | दरवार क्षेत्र | 3 | 9841380936 | 6610187 | सामुदायिक | पद्म | ग | आर टि श्रेष्ठ एण्ड एशोसियट्स |
| 12 | सुस्त मनस्थिति बाल कल्याण | तारा देबी किजू | बाराही स्थान | 3 | 9841358071 | | सामुदायिक | पद्म | ग | विष्णु टिमलसिना एण्ड एशोसियट्स |
| 13 | शान्ति निकेतन मावि | महेन्द्रगोपाल कर्माचार्य | राममन्दिर | 4 | 9841367813 | 6611317 | सामुदायिक | पद्म | ग | आर टि श्रेष्ठ एण्ड एशोसियट्स |
| 14 | तारा मावि | राम गोपाल त्वायना | बोलाछें | 4 | 9851142928 | 6611944 | सामुदायिक | पद्म | क | एम टिवारी एण्ड एशोसियट्स |
| 15 | जनसेवा प्रावि | विश्वराम सुवाल | मङ्गलाछें | 4 | 9841358212 | | सामुदायिक | पद्म | ख | उपाध्याय एण्ड कं. |
| 16 | आदर्श आजाद उमाबि | श्रीकृष्ण किसी | भेलुखेल | 5 | 9841398356 | 6610580 | सामुदायिक | बागीश्वरी | क | एस.प्याठ एण्ड एसोसियट्स |
| 17 | बरदायणी निमाबि | बीणा ताम्रकार | टौमढी | 5 | 9803297449 | | सामुदायिक | बागीश्वरी | ख | एन.आर.एस. एण्ड कम्पनी |
| 18 | भारती प्राबि | हरिकृष्ण भेले | ल्योसिंखेल | 5 | 9841590105 | | सामुदायिक | बागीश्वरी | ग | एस.के. अमात्य एण्ड कम्पनी |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 19 | च्यौला प्राबि | जनारी हमाल | भेलुखेल | 5 | 9860527012 | | सामुदायिक | बागीश्वरी | ग | रघुनाथ एण्ड कम्पनि |
| 20 | विद्यार्थी निकेतन उमावि | सर्जनी जोशी | साकोठा | 5 | 9841369006 | 6610386 | सामुदायिक | पद्‌म | क | एस.ए.के. ए.आर. एसोसियट्स |
| 21 | श्री प्राबि | बिष्णु केशरी त्याट | याछें | 6 | 9841670570 | | सामुदायिक | बागीश्वरी | ग | रघुनाथ एण्ड कम्पनि |
| 22 | बालसेवक निमाबि | जयपाल हरि कायष्ठ | हनुमानघाट | 7 | 9841300914 | | सामुदायिक | बागीश्वरी | ग | टि. के. एण्ड एसोसियट्स |
| 23 | नबिन निमाबि | तुल्सि राम ग्वाछा | गोलमढी | 7 | 9851178293 | 6617365 | सामुदायिक | बागीश्वरी | ग | हरि कृष्ण एण्ड एसोसियट्स |
| 24 | चण्डेश्वरी निमाबि | रीता लाखेमरु | वासिगचा | 7 | 9841692881 | | सामुदायिक | बागीश्वरी | घ | भुपेन्द्र राई एण्ड एसोसियट्स |
| 25 | समाज सुधार माबि | जगन्नाथ प्रजापती | तौलाछें | 8 | 9843906335 | 6610811 | सामुदायिक | बागीश्वरी | ग | चालिसे एण्ड कम्पनी |
| 26 | भीम आदर्श निमाबि | दीपक माक | लिवाली | 8 | 9841110068 | | सामुदायिक | बागीश्वरी | ग | पि.आर. श्रेष्ठ एण्ड एसोसियट्स |
| 27 | समाजसेवाई प्राबि | राम भक्त थकुलवट | इनाचो | 8 | 9841300474 | | सामुदायिक | बागीश्वरी | ग | विष्णु टिमलसिना एण्ड एशोसियट्स |
| 28 | महेन्द्र प्राबि | राजन छुस्याबाग | जेल्ला | 8 | 9841621610 | | सामुदायिक | बागीश्वरी | ग | टि. के. एण्ड एसोसियट्स |
| 29 | ब्रम्हायणी प्राबि | तीर्थ लक्ष्मी धन्छा | लिवाली | 8 | 9841119782 | | सामुदायिक | बागीश्वरी | ग | आर एन एण्ड कम्पनी |
| 30 | बागीश्वरी उमाबि | कृष्ण प्रसाद धन्छा | च्याम्हसिंह | 9 | 9841299111 | 6610270 | सामुदायिक | बागीश्वरी | क | एम टिवारी एण्ड एशोसियट्स |
| 31 | दतात्रय निमाबि | शर्मिला श्रेष्ठ | तचपाल | 9 | 9841393662 | 6613102 | सामुदायिक | बागीश्वरी | ग | डि.बि. खड्का एण्ड एसोसियट्स |
| 32 | सिद्धी शारदा प्राबि | धनेश राज राजोपाध्याय | ब्रम्हायणी पीठ (हाल) | 9 | 9841271875 | | सामुदायिक | बागीश्वरी | ग | कस्ती एसोसियट्स |
| 33 | सरश्वती बिद्यागृह माबि | राजाराम श्रेष्ठ | नवदुर्गास्थान | 10 | 9841621896 | 6610202 | सामुदायिक | बागीश्वरी | घ | आरवि लम्साल एण्ड एशोसियट्स |
| 34 | हंशबाहिणी प्राबि | सूर्य बहादुर फोंजू | महालक्ष्मी स्थान | 10 | 9841320450 | | सामुदायिक | बागीश्वरी | ग | डि.बि. खड्का एण्ड एसोसियट्स |
| 35 | ब्रम्हाचारीणी प्राबि | जमुना ताम्राकार | क्वाठण्डौ | 10 | 9808580833 | | सामुदायिक | बागीश्वरी | ग | हरि कृष्ण एण्ड एसोसियट्स |

## भक्तपुर नगरपालिका अन्तर्गतका गुठी विद्यालय, प्र. अ. र प्रिन्सिपलहरुको सम्पर्क नं.

| क्र. सं. | विद्यालयको नाम | बर्ग | प्र अ को नाम | ठेगाना | वडा नं. | मोबाईल नं. | विद्यालयको फोन नं. | प्रकार | स्रोतकेन्द्र | वर्ग | केफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्रभात हायर सेकेण्डरी स्कूल | क | कृष्ण बहादुर प्रजापति | व्यासी | 2 | 9841431790 | 6610438 | संस्थागत | पद्‌म | ग | आर टि श्रेष्ठ एण्ड एशोसियट्स |
| २ | सामूदायिक इ स्कूल | ग | राम प्रसाद कोजू | व्यासी | 2 | 9841585778 | 6612470 | संस्थागत | पद्‌म | घ | आरवि लम्साल एण्ड एशोसियट्स |
| ३ | जेसीज इ स्कूल | ख | जयराम गोर्खाली | इण्ड्रायणी पीठ | 2 | 98414 77325 | 6618306 | संस्थागत | पद्‌म | क | एस.ए.के. ए.आर. एसोसियट्स |
| ४ | बाल बिकास ई से स्कूल | क | सुरेन्द्रराज गोसाईं | लिवाली | 8 | 9851131591 | 6610106 | संस्थागत | बागीश्वरी | ग | आर टि श्रेष्ठ एण्ड |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | एशोसियट्स |
| ५ | विजडम ई स्कूल | **ग** | रामकेशरी सुवाल | कमलविनायक | 10 | 9841637960 | 6617092 | संस्थागत | बागीश्वरी | क | एस.प्याठ एण्ड एसोसियट्स |

**ग) कोभिड १९ को महामारीको कारणले विद्यालयहरु सुचारु रुपले संचालन नभएको हुँदा विद्यालयको वित्तिय अवस्थामा नकारात्मक प्रभाव परेकोले लेखा परीक्षकको पारिश्रमिक गत आ.व. को लेखा परीक्षकको पारिश्रमिक भन्दा नबढ्ने गरी तोकी पठाउने निर्णय गरियो ।**

**घ) निजी संस्थागत विद्यालयहरुको हकमा विद्यालयबाट नियुक्त लेखा परीक्षकबाटै लेखा परीक्षण गराउने निर्णय गरियो ।**

**ङ) लेखा परीक्षण बिषय लिई इर्न्टनशिप गर्न आएका बिद्यार्थी सृजना खुजुको म्याद २०७७ श्रावण २८ गतेबाट सकिएकोले पुन: ६ महिना (२०७७ माघ २७ गतेसम्म) म्याद थप गर्ने निर्णय गरियो ।**

**च) अर्को इर्न्टनशिप गर्न आएका बिद्याथी ललिता खोंजुको म्याद सकिएकोले सो ठाउँमा आएका नयाँ बिद्यार्थी सुनीता त्वानाबासुलाई मासिक रु.१०,०००।– (दश हजार) खाजा खर्च दिनका लागि सिफारिस गर्ने निर्णय गरियो ।**

## २) निर्माण समिति (बैठक मिति २०७७।६।६)

| क्र.सं | योजनाका बिवरण | वडा नं | बजेट | ल.ई.रकम | रि ल.ई. रकम | पेश्की | भुक्तानी रकम | खर्च रकम | मूल्याकन रकम | योजना को अवस्था | कार्य गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | **ल.ई. स्वीकृत सम्बन्धमा** | | | | | | | | | | | |
| १ | कानुन शाखा भवन पुन: निर्माण (फेज I) | ३ | **नपा** | ,९८९,६४९।५२ | | | | | | | | |
| २ | बर्खे जाने बाटो पश्चिम पर्िको ढल जाम हटाउने कार्य | २ | नपा | ९६,५९५।२७ | | | | | | | | |
| ३ | सडक बत्ती Expert Team को लागि प्रतिनिधि मनोनयन सम्बन्धमा | | रा.यो.आ विशेष बजेट | १३,४५१,८१४।४२ | | | | | | | | |
| | **पेश्की फछ्र्यौट सम्बन्धमा** | | | | | | | | | | | |
| १ | भ.न.पा. वडा नं. २ | २ | नपा | ४,०१४,३६८।१७ | | २,६५० | ७९,१९ | ३,६८२, | ४,०६ १,८२ | | | आंशिक पे.फ मा |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कार्यालय हुँदै पुरानो नपासम्म ढुङ्गा छपाई कार्य | | | | | ,०००। ०० | २।७० | ३२५।० ० | ८।५० | | | नपुग भुक्तानी रू. ९,५३,१३२। भइसकेको |
| | **भुक्तानी सम्बन्धमा** | | | | | | | | | | | |
| १ | ब्यासी स्थित निर्माणाधिन पर्यटक सेवा केन्द्र भवनमा फिनिसिङ कार्य | २ | नपा | ल.ई.रकम ९,८८२,९०१।२३ | | | २,८५८,०२६।८६ | ५,३९९,५२८।३३ | ६,१७६,३११।६१ | फिनिर्सिङ कार्य सम्पन्न | सहारा कन्स्ट्रक्सन प्रा.लि. हेटौंडा | अन्तिम रनिङ बिल रू. ३१,०८,००५।०५ मा ५ प्रतिशत रू. २,४९,९७८।१९ जरिवाना कट्टी गरी रू. २८,५८,०२६।८६ भुक्तानी दिने । |
| | **म्याद थप सम्बन्धमा** | | | | | | | | | | | |
| १ | पञ्चमुखेश्वर महादेव निर्माण कार्य | ५ | बागमती प्रदेश सशर्त | ५,२५८,१९७।९५ | मिति २०७७ कार्तिक मसान्तसम्म म्याद थप | | | | | | | |
| २ | कुमारी पाटी (भोय:छें) पुन:निर्माण कार्य | ५ | बागमती प्रदेश सशर्त | ५,०१२,८८९।१३ | मिति २०७७ कार्तिक मसान्तसम्म म्याद थप | | | | | | | |
| | **उपभोक्ता समिति गठन सम्बन्धमा** | | | | | | | | | | | |
| १ | सल्लाघारी सुवर्ण चोकदेखि ढालाखुसी, तपाके सडक निर्माण कार्य | ७ | बागमती प्रदेश शसर्त बजेट | ४,६९६,६१५।७५ | उ.स.अ. : ध्रुर्व ढुंगेल | | | उ.अस. : सूर्यप्रसाद श्रेष्ठ | | | | |

**४. विविध विषयमा छलफल हुंदा निम्नानुसार गर्ने निर्णय गरियो :**

**क) भक्तपुर नगरपालिका वडा नं. १ सल्लाघारी स्थित १०८ रोपनी, न:पुखु तथा अन्य क्षेत्रमा व्यवस्थित पार्किङ्गको व्यवस्था मिलाउन अति आवश्यक भएकोले पार्किङ्ग शुल्क वापत भक्तपुर नगरपालिकाको आर्थिक ऐन २०७७**

अनुसूची १० मा व्यवस्था गरिएको पार्किङ्ग दर वमोजिम हुने गरी मिति २०७७।६।१ गतेदेखि नै कार्यालयले आफ्नो कर्मचारीमार्फत पार्किङ्ग व्यवस्था मिलाउने निर्णय गरियो ।

ख) भक्तपुर नगरपालिकाको चालु आ.व २०७७।७८ को दर विश्लेषण नर्म्स (Rate Analysis Norms) लाई अनुमोदन गरियो ।

ग) भक्तपुर नगरपालिकाको आ.व २०७७।७८ को, २०७७ भाद्र मसान्तसम्मको यथार्थ आय–व्यय विवरण बारे जानकारी गराइयो ।

घ) भक्तपुर नगरपालिकाद्वारा निर्माणाधिन एकान्तवास(आइसोलेशन) केन्द्र संचालनका लागि आवश्यक १००(एक सय) वेड सहित सम्पूर्ण सामाग्री तथा हाइजिनिक सेटहरु उपलब्धताको लागि जिल्ला प्रशासन कार्यालयद्वारा श्री शहरी विकास तथा भवन निर्माण विभागलाई अनुरोध गरिएको र श्री गृह मन्त्रालयद्वारा उक्त विभागलाई अनुरोध गरिएका पत्रहरुबारे जानकारी गराइयो र त्यस्तै भक्तपुर नगरपालिकाद्वारा श्री वागमती प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयलाई पि.सि.आर टेष्ट गर्ने उपकरण र परीक्षण विधिको लागि आवश्यक सामाग्री वन्दोवस्तको लागि अनुरोध गरिएको पत्रको बारेमा जानकारी गराइयो ।

ङ) भक्तपुर नगरपालिकाले चालु आ.व २०७७।७८ मा पञ्चवर्षीय आवधिक योजना निर्माण गर्नका लागि स्वीकृति प्रदान गर्ने निर्णय गरियो । उक्त योजना निर्माणको लागि आवश्यक थप साधन श्रोतको व्यवस्थापनको लागि नेपाल सरकार र वागमती प्रदेश सरकार समेतलाई अनुरोध गर्ने निर्णय गरियो ।

च) कोभिड १९ रोगको रोकथाम र नियन्त्रणको लागि भक्तपुर नगरपालिकाद्वारा संचालित एम्बुलेन्स सेवा निःशुल्क प्रदान गर्ने निर्णय गरियो ।

छ) भक्तपुर नगरपालिकाको बा १ झ ८७४९ को गाडी मर्मत गर्दाको रु. ८४,५८०।५० र बा.१ झ गाडी ८७५० मर्मत गर्दाको रु ४९,७०३।०५ गरी कुल रु. १,३४,२८३।५५ अजिमा अटो वर्कशपलाई भुक्तानी दिने निर्णय गरियो ।

ज) भक्तपुर नगरपालिकाको फोहोर संकलन गर्ने को १ च १६७१ को तिनपाङ्ग्रे मोटर साइकल मर्मत गर्दाको रु. ७०००। र को १ च १६७८ को तिनपाङ्ग्रे मोटर साइकल मर्मत गर्दाको रु.१३,६००। गरी कुल रु. २०,६००। लक्ष्मी अटोवर्कशपलाई भुक्तानी दिने निर्णय गरियो ।